**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १० सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- **नेपालमा बढदो संकटलाई मध्यनज़र गर्दै देशका सीमावर्ति जिल्लाहरुलाई हाई अलर्टमा राखिएको छ।**

- २.विदेश मंत्रालयले भारतीय नागरिकहरुलाई स्थिति सामान्य नहुन्जेलसम्म नेपालको यात्रा स्थगित राख्ने सल्लाह दिएको छ ।

- ३.मुख्यमन्त्री ममता बनर्जीले वोटर सूचीमा आधारलाई वैध मान्यता दिने निर्णयको स्वागत गर्नुहुदै प्रशासनलाई आवश्यक कदम चाल्ने निर्देशन दिनु भएको छ |

- ४. **मुख्यमन्त्री ममता ब्यानर्जीले टिस्टा त्रिवेणी पुलको उद्धाटन गर्नु भएको छ** |

- ५.सरकारबाट पाउने सहुलियतहरु एवं पेन्सन योजना विषय लिएर खरसाङमा परिवहन श्रमिकहरूको लागि विशेष सचेतना शिविर स म्पन्न।

**भारत-नेपालसीमा**

नेपालमा भइरहेको 'जनरेशन-जेड आन्दोलन'-मा अहिलेसम्ममा 19 जना मानिसहरूको मृत्यु र कैयौं घाइते भएपछि पश्चिम बंगालको भारत-नेपाल सीमामा सुरक्षा व्यवस्थालाई कड़ा बनाइएको छ। यस आन्दोलनको कारणले 100 जना भारतीय ट्रक चालक औ पर्यटकहरू सीमामा फसेका छन्।
दार्जिलिङ जिल्ला पुलिसले फसेका भारतीयहरूलाई सहयोग गर्नको लागि 24 घण्टाको कन्ट्रोल रूम स्थापना गरेको छ। दार्जीलिङ पुलिसका अधीक्षक प्रवीण प्रकाशले गए मंगलवार राती जारी आफ्नो बयानमा भन्नुभयो , हामीले सीमा क्षेत्रमा घर-घर खोजी कार्य शुरू गरेका छौं। यतातिर अशान्ति भएको कुनै खबर छैन, तर हामी सतर्क छौं। नेपाल पुलिससित लगातार सम्पर्क राखिरहेका छौं। सशस्त्र सीमा बल (एसएसबी) पनि अलर्टमा छ। कुनै पनि भारतीयलाई नेपालमा समस्या भए दार्जीलिङ जिल्ला पुलिस हेल्पलाइनमा सम्पर्क गर्ने अपील गरिन्छ।
आधिकारिक घोषणा नभए पनि सिलगढ़ी नजिक पानीट्याङ्की सीमाबाट हुने यातायातलाई पूर्ण रूपले रोकिएको छ। केन्द्र र राज्य सरकारले मिलेर सीमा क्षेत्रहरूमा निगरानी बढ़ाउने अनि सुरक्षामा चूकदेखि बच्ने उपाय गरिरहेको छ।सीमा क्षेत्रको वातावरण तनाउपूर्ण भएको छ। पानीट्याङ्की बजार पूर्ण रूपले बन्द छ। यसको ठीक पारी नेपाल सीमामा गए मंगलवार प्रदर्शनकारीहरूले टायर बालेर विरोध प्रदर्शन गरे जसमा दुईजना मानिसहरूको मृत्यु भएको छ ।सूत्र अनुसार सीमा सुरक्षालाई दुईगुणा बडाएको छ भने अतिरिक्त जवानहरूलाई तैनाथ गरिएको छ। रक्षा मन्त्रालयले 'हाई अलर्ट' जारी गरेको छ। सीमा पारी प्रत्येक वाहनको गहन जाँच गरिँदैछ साथै डक स्क्वायडलाई पनि तैनाथ गरिएको छ। पुलिसले हरेक वाहनका चालक तथा यात्रीहरूको नाम-ठेगानाको रेकर्ड राखिरहेको छ।

**पश्चिम बंगाल - राज्यपाल**

नेपालमा व्याप्त राजनीतिक संकटबीच पश्चिम बंगालका राज्यपाल सीवी आनन्द बोस आज अपरान्ह खोरीबाड़ीस्थित भारत-नेपाल सीमाको निरीक्षण गर्न पुग्नुभयो |नेपाल संकटको प्रभाव भारतमा पर्न नदिनका लागि पश्चिम बंगाल संलग्न भारत-नेपाल सीमालाई अस्थायी रूपमा बन्द गरिएको छ। यसको साथै सुरक्षा कारण अन्तर्राष्ट्रिय सीमामा सतर्कतलाई अझ बढ़ाइएको छ। सशस्त्र सीमा बल (एसएसबी)-को सहयोगको निम्ति पश्चिम बंगाल पुलिसलाई पनि तैनाथ गरिएको छ। तथापि नेपालका केही क्षेत्रहरूको स्थिति नियन्त्रणमै रहेको सूचना प्राप्त भए पनि अहिलेसम्म कतिपय क्षेत्रमा तनाउ भइनै रहेको छ।स्मरण गराइन्छ, नेपालमा सोशल

मीडियामाथि प्रतिबन्ध लगाइएको तथा भ्रष्टाचारको मुद्दालाई लिएर त्यहाँका युवाहरू ठूलो संख्यामा सड़कमा उत्रेर सरकार विरूद्ध विद्रोहको बिगुल फुकेका थिए। यसबाट सम्पूर्ण नेपालको स्थिति तनाउपूर्ण भएको थियो। यस अवधि उत्तेजित युवाहरूले संसद भवन सहित संसदहरूका निजी एवं सरकारी भवनमा आगो लगाइदिएका थिए। प्रधानमन्त्री लगायत केही मन्त्री एवं वरिष्ठ नेताहरू भीड़को शिकार भएका छन ।

**विदेश मंत्रालय-नेपाल**

नेपालमा जारी अशांतिलाई मध्यनज़र गर्दै , विदेश मंत्रालयले भारतीय नागरिकहरुलाई स्थिति सामान्य नहुन्जेल नेपालको यात्रा स्थगित राख्ने सल्लाह दिएको छ ।

**Byte**

मन्त्रालयले नागरिकहरुलाई आफ्नो वर्तमान निवास स्थानमा बस्न, सडकमा नजान र पूर्ण सावधानी अपनाउन आग्रह गरेको छ । नेपाल र काठमाडौंस्थित भारतीय दूतावासले जारी गरेको स्थानीय सुरक्षा सल्लाहको पालना गर्न पनि नागरिकहारलाई निर्देशन दिइएको छ । मन्त्रालयले नागरिकहरूलाई कुनै पनि सहयोगको लागि निम्न हेल्पलाइन नम्बरहरू +977 - 980 860 2881 र +977 - 981 032 6134 मा दूतावासमा सम्पर्क गर्न सल्लाह दिएको छ। यी हेल्पलाइन नम्बरका अतिरिक्त नेपालमा रहेका भारतीय नागरिकले helpdesk.eoiktm@gmail.com इमेलमार्फत पनि दूतावासमा सम्पर्क गर्न सक्नेछन् ।

**टिस्टा त्रिवेणी पुलको उद्घाटन**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले पेशोकदेखि टिस्टा पस्नु अघि निर्माण भएको वैकल्पिक पुलको आज जलपाईगढीमा आयोजित एक समारोहबीच उदघाटन गर्नुभएको छ । मुख्यमन्त्री ममता ब्यानर्जीले जीटीएको मुख्य कार्यपाल अनित थापाको उपस्थितिमा आधिकारिक रूपमा यस पुलको उद्घाटन गर्नु भएको छ। नयाँ पूललाई टिस्टा त्रिवेणी पुल भनी नामाकरण गरिएको छ।

**ममता भ्रमण**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जी वर्तमानमा तीन दिवसीय उत्तरबंगाल भ्रमणमा हुनुहुन्छ ।आज उत्तरकन्यादेखि सरकारी सेवा वितरण कार्यक्रममा जाने क्रममा उहाँले शिरीषतला क्षेत्रमा अचानक आफ्नो वाहनहरूको लस्करलाई रोकेर सड़क किनारमा उभिएका मानिसहरूसित भेट गर्नुभयो।यस अवधि मुख्यमन्त्रीले त्यहाँ उपस्थित स्थानीय मानिसहरू र विद्यार्थीहरूसित बातचित गर्नुभयो , नानीहरूप्रति प्रेमभाव प्रदर्शन गर्नुभयो साथै कतिपय मानिसहरूसित हात मिलाउनु भयो । मानिसहरूले पनि मुख्यमन्त्रीलाई आफू समक्ष पाउँदा उत्साह व्यक्त गरे। त्यसपछि ममता ब्यनर्जी कार्यक्रम स्थलतर्फ प्रस्थान गर्नुभयो । बिहीवार उहाँको कोलकाता फर्किने कार्यक्रम रहेको छ।

**जाँच अभियान**

नेपालमा जारी आन्दोलनलाई ध्यानमा राखेर भारत नेपाल सीमा मिरिकमा शान्ति श्रृङखला कायम राख्न मिरिक पुलिस अनि एसएसबीले नाका चेकिङ शुरू गरेको छ। पश्चिम बंगाल पुलिस अनि एसएसबीका जवानहरू हाल सिमावर्ती नाकाहरूमा चौकस देखिएको छ भने सीमावर्ती क्षेत्रमा हुने कुनै पनि गतिविधिलाई रोक्न गम्भीर देखिएको छ। सुरक्षाकर्मीहरूले नाकाहरूमा नियमितरूपमा ओहर दोहोर गर्ने वाहनहरूलाई रोकेर तलासी गरिरहेको छ भने सन्देहजनक मानिसहरूलाई सोधपुछ गरिरहेका छन। सीमावर्ती क्षेत्रमा कुनै अशान्ति अनि गैरकानुनी क्रियाकलाप नहोस भनेर नै सुरक्षा कर्मीहरूले उक्त अभियान चलाएको बुझिएको छ।

**आधारलाई वैध मान्यता,**

सुप्रिम कोर्टले मतदाता सूचीमा पञ्जीकरणका लागि आधार कार्डलाई १२औँ वैध दस्तावेजको रूपमा मान्यता दिएको छ। पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले मंगलबार उक्त निर्णयको स्वागत गर्नुभयो । आज जलपाइगुडीमा एक सरकारी कार्यक्रममा बोल्नुहुदै उहाँले जिल्ला प्रशासनलाई यस सम्बन्धमा आवश्यक कदम चाल्ने निर्देशन दिनुभयो । मुख्यमन्त्रीले भन्नु भयो , 'म डीएमलाई आधार कार्ड नभएकाहरूलाई 'दुआरे सरकार' कार्यक्रममार्फत आधार कार्ड प्राप्त गर्ने व्यवस्था गर्न आग्रह गर्नेछु। ''ममता बनर्जीले मानिसहरुलाई आफ्नो नाम मतदाता सूचीमा छ कि छैन भनेर निरन्तर जाँच गर्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो केवल एक हेराइले काम गर्दैन। अबको छ–सात महिना हामीले यसलाई नियमित रूपमा हेर्नुपर्नेछ। नाम छैन भने एनआरसी भयो भन्नेछन् ।

सोही कार्यक्रममा ममता बनर्जीले शिक्षक नियुक्ति विवादमा पनि प्रतिक्रिया दिनुभयो। उहाँले अदालतको आदेशमा परीक्षा लिन लागिएको बताइन । बाँकी मुद्दामा कानुनविद्ले सल्लाह खोजिरहेका छन्। जटिलताहरू समाप्त हुने बित्तिकै हामी प्रक्रियामा सँगै हुनेछौं। त्यसबाहेक म अहिले अरु केही भन्न सक्दिनँ ।

मुख्यमन्त्रीले विद्यालय सेवा आयोगले ३५ हजार पदका लागि परीक्षा सञ्चालन गरिरहेको र २१ हजार थप पदका लागि नियुक्तिका लागि काम गरिरहेको बताउनुभयो । साथै उहाँले विपक्षीमाथि निशाना साध्दै भन्नुभयो , 'जब नियुक्ति प्रक्रिया सुरु हुन्छ, विपक्षीले अदालतको ढोका ढकढक्याउँछन्। म तपाईंलाई जागिर दिन चाहन्छु, तर तिनीहरू रोक्न चाहन्छन्। भोटमा हार्छन्, त्यसैले अदालत जान्छन्।

**जीएसटी सुधार - शिक्षा**

यस स्वतन्त्रता दिवसमा लाल किल्लाको प्राचीरबाट, प्रधानमन्त्री नरेन्द्र मोदीले दिपावाली सम्म GST सुधारको आगमी पुस्ताको घोषणा गर्नुभएको थियो। उहाँको यह सपना त्यसबेला साकार भयो जब 3 सेप्टेम्बरमा, जीएसटी परिषद्ले दरहरूलाई युक्तिसंगत बनाउने, कैयन क्षेत्रहरूमा कर दरहरू घटाउने र नागरिकहरूको जीवनलाई सहज बनाउने मंजूरी दिईयो । आज, हामी यी सुधारहरु शिक्षा क्षेत्रमा कसरी मददगार साबित हुनेछन् त्यसबारे कुरा गर्नेछौं।

**बाईट**

**सरकारले स्टेशनरी वस्तुहरूमा जीएसटी दरमा छूट दिएर शिक्षा क्षेत्रलाई ठूलो राहत दिएको छ। नयाँ सुधारहरू अन्तर्गत, पेन्सिल, शार्पनर, क्रेयॉन, अभ्यास पुस्तक, ग्राफ बुक, मानचित्र र चार्ट जस्ता स्टेशनरी सामानहरूलाई पहिलेको 12 प्रतिशत जीएसटीबाट छुट दिइएको छ, जबकि इरेजरमा जीएसटी 5 प्रतिशतबाट घटाएर शून्य गरिएको छ।आकाशवाणी समाचार, दिल्लीबाट विष्णु र सौम्याका साथ दृष्टि पुन्यानीको रिपोर्टका साथ म आलिशा खवास आकाशवाणी समाचार खरसाङ |**

**सचेतना शिविर**

पश्चिम बंगाल सरकारको श्रम विभागको निर्देशनमा खरसाङ महकुमा श्रम आयुक्त कार्यालयको पहलमा खरसाङको बस बिसाउनी परिसरमा परिवहन श्रमिकहरूको लागि विशेष सचेतना शिविर सम्पन्न भएको छ। उक्त शिविरमा खरसाङ शहर क्षेत्रका परिवहन चालकहरु, खलासी एवं सेण्डीकेट चलाउने दाजुभाइहरूलाई लिएर सचेतना कार्यक्रम रहेको थियो। उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा खरसाङ चिमनी देवराली समष्टिको सभासद श्याम शेर्पा उपस्थित रहेका थिए भने विशिष्ट अतिथिहरुमा खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरूङ, भाइस चेयरम्यान सुवास प्रधान, खरसाङ ट्रफिक ओसी बीरेन्द्र छेत्री उपस्थित रहेका थिए। पश्चिम बंगाल सूचना एवं सांस्कृतिक विभाग खरसाङको पक्षबाट एनटी शेर्पा एवं सांस्कृतिक टोली उपस्थित रहेका थिए। कार्यक्रममा मुख्य अतिथिको रुपमा उपस्थित सभासद श्याम शेर्पा, खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङ र भाइस चेयरम्यान सुवास प्रधानले सम्बोधन गरेका थिए। यसमा पेन्सनबाहेक अतिरिक्त लाभ विषयमा सचेतना गराइएको छ।

**दुर्गा पूजामा पनि थामिने छैन वर्षा, मौसम विभागले दियो चेताउनी**

पश्चिम बंगालमा सेप्टेम्बरको दोस्रो सातामा पनि वर्षाको सिलसिला जारी रहनेछ। मौसम विभागले पूर्वानुमान व्यक्त गरेको छ, आगामी साता राज्यका धेरैवटा भागहरूमा मनसुन सक्रिय हुनसक्नेछ।

****** ○ ******